# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ७ | संख्याः १३ | प्रकाशन मितिः २०८०।१०।२९ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०७८।११।२३ | | |


**भाग-२**

**बुद्धशान्ति गाउँपालिका**

**सम्बत २०८० सालको कार्यविधि नं. १३**

# स्थानीय तह स्वास्थ्य बीमा संयोजन गठन सञ्चालन कार्यविधि, २०७८

प्रस्तावनाः

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन चाञ्छनीय भएकोले स्वास्थ्य विमा ऐन, २०७४ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी बुद्धशान्ति गाउँपालिकाले देहायको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ सम्झनु पर्छ ।

(घ) “गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकालाई जनाउनेछ ।

(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ ।

(च) "संयोजन समिति भन्नाले नियम २६ बमोजिम स्थानीय तहले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## समितिको गठन

३. **संयोजन समिति गठनः** (१) नियम २६ बमोजिम गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समिति रहने छ ।

क) अध्यक्ष, बुद्धशान्ति गाउँपालिका - संयोजक

ख) अध्यक्षले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एक वडाका अध्यक्ष -सदस्य

ग) अध्यक्षले मनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक संस्था - सदस्य

घ) अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वास्थ्य स्वयंसेविका सहित दुई जना -सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

च) अध्यक्षले तोकेको एकजना स्वास्थ्य बीमा बोर्डको दर्ता अधिकारी - सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

(३) सदस्य सचिवले बैठकको कार्य सूची संयोजकको स्वीकृतिमा तय गर्नु पर्ने छ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास विषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुने कार्यसूची सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउँनेछन् ।

(९) सचिवालयको काम बुद्धशान्ति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ ।

**४. काम कर्तव्य र अधिकारः** संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको क्षेत्रभित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यकमा सहयोग गर्ने,

(ख) गाउँपालिका अन्तर्गतका सरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य विमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आवद्ध गर्ने,

(ग) अति गरिब परिवारलाई कार्यक्रममा आवद्ध गर्न गाउँपालिका र बोर्डबीच समझदारी गर्ने,

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुविधा उपलब्ध गराउन वा वृद्धि गर्न बोर्डसँग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई सशर्त अनुदान उपलब्ध गराउन सक्ने,

(च) गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर वृद्धि गर्ने गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुद्वारा सञ्चालित फार्मेशीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलब्धता हुने व्यवस्था गर्ने गराउने,

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तरता, स्तरोन्नति र पूर्वाधार अभिवृद्धिमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्द्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य विषयहरु समन्वय र सहजीकरण गर्ने ।

५. **बजेटः** स्वास्थ्य बीमा संयोजन समितिको सचिवालय सञ्चालनको लागि आवश्यक खर्चको व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ ।

## परिच्छेद ३

## विविध

६. **कार्यविधिमा संशोधनः** गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ

७. **बाधा अड्काउ फुकाउने अधिकार** यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन पर्न आएमा गाउँपालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषयमा यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानुनसँग चाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,

विनोद पोखरेल

प्रमुख प्रशासकीय अधिकृत